**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क १७८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ असार २९ गते सोमबार ❑ 13 July 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## मोदी खोलाको बाढीले घर र रेष्टुरेन्ट बगायो

**पोखरापत्र संवाददाता**
पोखरा, २८ असार

आइतबार दिउँसो परेको अविरल वर्षापछि आएको बाढी र पहिरोले कास्कीको पर्यटकीय गाउँ घान्द्रुक जाने सडक अवरुद्ध भएको छ।

आइतबार दिउँसो किम्रुङ खोला हुदै मोदी खोलामा आएको बाढीले अन्नपूर्ण गाउँपालिका-८ र १० को सिमानास्थित स्याउली बजारका दुई घरमा समेत क्षति पुगेको अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष विष्णुबहादुर केसीले बताउनु भयो । विरेठाँटी-घान्द्रुक सडक कटान गरेपछि सवारी आवागमन हाल पूर्ण रूपमा ठप्प भएको उहाँले जनाउनु भयो।

किम्रुङ खोलामा आएको भीषण बाढीले अन्नपूर्ण पदमार्गमा पर्ने झोलुङ्गे पुलसमेत बगाएको छ। पुल बगेसँगै करिब ३० देखि ४० घरपरिवार प्रत्यक्ष रूपमा प्रभावित भएका छन् भने पदमार्ग हुँदै आवतजावत गर्ने स्थानीयवासी र पर्यटकलाई समेत समस्या परेको छ । "किम्रुङ निकै ठाडो खोला हो। माथिल्लो क्षेत्रमा बाढी र पहिरो



जाँदा ढुंगा, काठ र रुखबिरुवासहित ठूलो भेल तल आएको छ। त्यसैले पुल र सडकमा ठूलो क्षति पुगेको हो," अध्यक्ष केसीले बताउनुभयो । विरेठाँटीबाट घान्द्रुक जाने पक्की सडक नदीले कटान गरेकाले हाल सवारी सञ्चालन पूर्ण रूपमा बन्द भएको छ । पानीको बहाव घटेपछि वैकल्पिक रूपमा सडक सञ्चालन गर्ने तयारी भइरहेको उहाँले जानकारी दिनुभयो। बाढीले अन्नपूर्ण गाउँपालिका-८ को स्याउली बजारमा पनि क्षति पुऱ्याएको छ । गाउँपालिकाका प्रवक्ता भरतमान गुरुङका अनुसार दुई वटा रेष्टुरेन्टमा क्षति पुगेको छ भने केही घरमा समेत बाढी पसेर भौतिक क्षति भएको छ । मोदी खोलाको बहाव बढेपछि केही स्थानमा वारपार गर्नसमेत समस्या भएको उहाँले बताउनुभयो । घटनापछि गाउँपालिका अध्यक्ष विष्णुबहादुर केसी, वडा नं. ११ का अध्यक्ष हिमबहादुर गुरुङ, सुरक्षा निकाय तथा अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप ) को टोली घटनास्थलमा पुगेर क्षतिको विवरण संकलन तथा आवश्यक व्यवस्थापनमा जुटेको स्थानिय नवराज केसीले बताउनु भयो । हालसम्म मानवीय क्षतिको सूचना प्राप्त नभए पनि भौतिक क्षति उल्लेखनीय रहेको जनाइएको छ।

स्थानीयका अनुसार नदीको माथिल्लो क्षेत्रमा पहिरो खसेर नदी थुनिएर एक्कासी खोलिँदा बाढी आएको आँकलन गरिएको छ । स्थानीय प्रशासन तथा गाउँपालिकाले नदीको तटीय क्षेत्रका स्थानीयलाई अन्यत्र सुरक्षित स्थानमा स्थान्तरण गरेको छ। स्थानीय प्रशासनले विशेषगरी मोदीखोला आसपास र अन्य स्थानमा समेत बसोबास गर्नेहरुलाई उच्च सतर्कता अपनाउन, नदी किनारमा नजान र आवश्यक परे सुरक्षित स्थानतर्फ जान अपिल गरेको छ। गाउँपालिकाले नदी तथा खोला आसपासका बासिन्दालाई उच्च सतर्कता अपनाउन, अनावश्यक रूपमा यात्रा नगर्न तथा मौसममा सुधार नआएसम्म जोखिमयुक्त क्षेत्रमा नजान आग्रह गरेको छ।

## पृथ्वीचोकका अव्यवस्थित टिकट काउन्टर हटाउन यातायात व्यवसायीको माग

**पोखरापत्र संवाददाता**
पोखरा, २८ असार

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका केन्द्रीय अध्यक्ष पुण्यप्रसाद (सरोज) सिटौलाले पोखराको पृथ्वीचोक क्षेत्रमा सञ्चालन भइरहेका अव्यवस्थित टिकट काउन्टर तत्काल व्यवस्थापन गरी हटाउन सरकारसँग माग गरेका छन् ।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घ गण्डकी प्रदेश समितिले आइतबार पोखरामा आयोजना गरेको बधाई तथा सम्मान कार्यक्रममा बोल्दै अध्यक्ष सिटौलाले अव्यवस्थित रूपमा सञ्चालन भइरहेका टिकट काउन्टरका कारण यात्रु, व्यवसायी र ट्राफिक व्यवस्थापन सबै प्रभावित भएको बताए। उनले यातायात क्षेत्रलाई व्यवस्थित, सुरक्षित र मर्यादित बनाउन सम्बन्धित निकायले प्रभावकारी कदम चाल्नुपर्नेमा जोड दिए।

अध्यक्ष सिटौलाले भारतीय सवारीसाधनलाई नेपाल प्रवेश गरेपछि प्रमुख सहरसम्म सञ्चालन गर्न दिए पनि पर्यटकीय गन्तव्यभित्र भने स्थानीय सवारीलाई प्राथमिकता दिनुपर्ने धारणा राखे। यसले नेपाली व्यवसायीको लगानी संरक्षण हुनुका साथै स्थानीय अर्थतन्त्रलाई पनि टेवा पुग्ने उनको भनाइ थियो । नेपाल-भारतबीच हुने यातायातसम्बन्धी सम्झौतामा समानताको सिद्धान्त लागू गर्नुपर्ने



उल्लेख गर्दै उनले क्षमताभन्दा बढी भार बोकेर नेपाल प्रवेश गर्ने मालवाहक सवारीका कारण सडक र पुलमा ठूलो क्षति पुगेको बताए। तौल जाँच प्रणाली प्रभावकारी नहुँदा राज्यले राजस्वसमेत गुमाइरहेको उनको दाबी थियो। ट्राफिक कारबाहीका विषयलाई लिएर भएका घटनालाई राजनीतिक रंग दिन नहुने उल्लेख गर्दै उनले संवाद र सहकार्यबाट समस्या समाधान गर्नुपर्नेमा जोड दिए । मादक पदार्थ सेवन (मापसे) तथा लागूऔषध सेवन (लापसे) गरेर सवारी चलाउनेविरुद्ध सरकारले सञ्चालन गरेको अभियानलाई महासङ्घले पूर्ण समर्थन गर्ने उनले बताए। कार्यक्रमका प्रमुख अतिथि गण्डकी प्रदेशका भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्री गोविन्दबहादुर नेपालीले यातायात व्यवसायलाई थप व्यवस्थित, सुरक्षित र सेवामुखी बनाउन प्रदेश सरकार प्रतिबद्ध रहेको बताए । व्यवसायीका समस्या समाधानका लागि सरकार आवश्यक नीतिगत सुधार र सहकार्यका लागि तयार रहेको उनले उल्लेख गरे।

नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय, गगनगौंडाका प्रमुख प्रहरी उपरीक्षक (एसपी) गोविन्दराज काफ्लेले ट्राफिक नियमको पालना चालकको पहिलो दायित्व भएको बताए । एक चालकको जिम्मेवारीमा सवार ।साधनमा रहेका धेरै यात्रुको जीवन निर्भर रहने भएकाले चालकहरू अझ जिम्मेवार, अनुशासित र संवेदनशील हुनुपर्नेमा उनले जोड दिए। महासङ्घका वरिष्ठ उपाध्यक्ष एनकुमार शाहीले सरकार र व्यवसायीबीचको समन्वयबाट मात्र यातायात क्षेत्रका समस्या समाधान हुने बताए । महासङ्घ विधान मस्यौदा समितिका सदस्य सचिव योगेन्द्र केसीले यातायात

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पोखरा १३ मा सर्वोत्कृष्ट विद्यार्थीहरू सम्मानित

**पोखरापत्र संवाददाता**
पोखरा, २८ असार

शिक्षा केवल अक्षरहरूको सङ्गालो वा परीक्षाको प्राप्ताङ्क मात्र नभएर चेतनाको ढोका र जीवनलाई रूपान्तरण गर्ने एउटा निरन्तर साधना हो भन्ने दर्शनलाई आत्मसात गर्दै वि.सं. २०८२ सालको माध्यमिक शिक्षा परीक्षा (एसईई) मा पोखरा महानगरपालिका वडा नं. १३ अन्तर्गतका ११ वटा माध्यमिक विद्यालयबाट सर्वोत्कृष्ट न्एब हासिल गर्न सफल मेधावी विद्यार्थीहरूका लागि आइतबार सम्मान तथा बधाई कार्यक्रम सम्पन्न भएको छ।

वडा शिक्षा समितिको आयोजनामा सम्पन्न उक्त समारोहमा वडा अध्यक्ष किरण बरालले सम्पूर्णलाई स्वागत गर्दै सफलतालाई एउटा निरन्तर यात्राको रूपमा व्याख्या गर्नुभयो र आगामी दिनमा अझ बढी दृढताका साथ अघि बढ्न उत्प्रेरित गर्दै यस्ता ओजपूर्ण कार्यक्रमलाई वडाले निरन्तरता दिने प्रतिबद्धता जनाउनुभयो।

कार्यक्रममा प्याब्सन




कास्कीका अध्यक्ष एवं महानगर शिक्षा समितिका सदस्य श्री षडाानन्द गौतमले वडाको यस उदाहरणीय प्रयासको प्रशंसा गर्दै आगामी यात्रा चुनौतीपूर्ण तर सम्भावनाले भरिएको हुँदा विद्यार्थीहरूलाई प्रविधिको कोलाहलबाट निस्किएर पुस्तक पढ्ने बानी बसाल्न र जीवनप्रति संवेदनशील बन्न विशेष अनुरोध गर्नुभयो । विद्यालय, विद्यार्थी र अभिभावकबीचको त्रिकोणात्मक सम्बन्धको गहिराइमाथि प्रकाश पार्दै वडा शिक्षा समितिका शैक्षिक समन्वय संयोजक राजेन्द्र भण्डारीले अभिभावकहरूलाई आफ्ना इच्छा सन्तानमाथि नथोपरी उनीहरूको रुचि र रोजाइलाई परि पूर्ति गर्न सहयोगी बन्न अनुरोध गर्नुभयो; साथै विद्यार्थीहरूले प्राप्त गरेको यो सफलताले वडाको शैक्षिक गरिमालाई नयाँ उचाइमा पुऱ्याएको र यसलाई अझ माथि उठाउन सबै एकाकार हुनुपर्नेमा जोड दिनुभयो । यस गरिमामय अवसरमा सम्मानित हुने मेधावी नक्षत्रहरूमा ४.०० जीपीए प्राप्त गर्ने बेसलाइन एकेडेमीकी कृतिका क्षेत्री, ३.९६ जीपीए प्राप्त गर्ने भद्रकाली माध्यमिक विद्यालयका सोनु थापा र ताराकुञ्ज बोर्डिङकी अनुपा बाँस्तोला रहनुभएको छ; त्यसैगरी गण्डकी आदर्श वोर्डिङ स्कुलका शंकर रानाभाट (३.९० जीपीए), बालकल्याण बोर्डिङ स्कुलकी आस्था बि.क. (३.७९ जीपीए), अक्सफोर्ड वोर्डिङ स्कुलकी पवित्रा बराल (३.७८ जीपीए), इडेन्स एकेडेमीका सुन्दर श्रीपाली (३.७६ जीपीए), चिल्ड्रेन्स एकेडेमीका बसन्त हर्मेल (३.७० जीपीए), आर्वा विजया मा.वि.का कलश गुरुङ (३.३ जीपीए), मैत्रय पाठशालाकी ऐश्वर्या देवकोटा (३.२९ जीपीए) र रतनपाण्डे मा.वि.का अमन मगराती (३.२८ जीपीए) रहनुभएको छ,। स्थानीय जनप्रतिनिधिहरू बलबहादुर बराल, सुचिता तामाङ तथा शिक्षा समितिका सदस्यहरू गोविन्द सिग्देल, गोविन्द गौतम र कुमार केसी लगायतका विशिष्ट व्यक्तित्वहरूले प्रशंसा पत्र, मायाको चिनो र खाँदा लगाइदिएर हार्दिक सम्मान गर्नुभएको थियो। १० वटा विद्यालयका विद्यार्थी, ११ वटै विद्यालयका अभिभावक र प्रतिनिधिहरूको गरिमामय उपस्थिति रहेको उक्त कार्यक्रम प्राप्ताङ्कको उत्सव मात्र नभई समाज विकासका लागि चेतना, ज्ञान र संस्कारको एउटा सामयिक र प्रेरणादायी रूपमा भव्यताका साथ सम्पन्न भयो।

## भानु जयन्ती कविता प्रतियोगितामा अधिकारी प्रथम

**पोखरापत्र संवाददाता**
दमौली, २८ असार

दुई सय १३औं भानु जयन्तीको अवसरमा तनहुँको भानु नगरपालिका-४ चुँदीरम्घामा आइतबार आयोजित कविता वाचन प्रतियोगितामा नारायणी अधिकारी प्रथम हुनुभएको छ । आदिकवि भानुभक्त जन्मस्थल विकास समितिले आयोजना गरेको उक्त उक्त प्रतियोगितामा सञ्चिता शर्माले द्वितीय, राममाया श्रेष्ठले तृतीय र दयाराम पौडेलले सान्त्वना स्थान प्राप्त गर्नुभयो।

यसैगरी रामायण वाचन प्रतियोगितामा पुनम सुनार प्रथम हुनुभयो । प्रतियोगितामा सुजता पौडेलले द्वितीय, सरस्वती डौलीयाले तृतीय र अवानी काफ्लेले सान्त्वना स्थान प्राप्त गर्नुभयो । कविता वाचन प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुनेहरूलाई क्रमशः रु २० हजार, रु १५ हजार, रु १० हजार र रु पाँच हजार प्रदान गरिनेछ भने रामायणवाचन प्रतियोगितातर्फ प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुनेलाई क्रमशः रु १५ हजार, रु १० हजार, रु पाँच हजार र रु दुई हजार प्रदान गरिने समितिका कार्यकारी सचिव कृपाहरि लौडारीले जानकारी दिनुभयो। उक्त पुरस्कार सोमबार आयोजना हुने भानु जयन्ती विशेष समारोहका बीच प्रदान गरिनेछ।



# शैक्षिक परामर्श नियमावलीप्रति १४ संस्थाको आपत्ति

**पोखरापत्र संवाददाता**
पोखरा, २८ असार

नेपाल सरकारले कार्यान्वयनमा ल्याएको शैक्षिक परामर्श, भाषा शिक्षण तथा तयारी कक्षा सञ्चालन तथा व्यवस्थापन नियमावली २०८३ प्रति शैक्षिक परामर्श क्षेत्रका विभिन्न १४ वटा राष्ट्रिय संघ-संस्था र समूहले गम्भीर आपत्ति जनाउँदै संयुक्त आन्दोलनको चेतावनी दिएका छन् ।

शिक्षा तथा खेलकुद मन्त्रालयद्वारा जारी उक्त नियमावलीले विद्यार्थीको अवसर, वैधानिक व्यवसाय, निजी लगानी र रोजगारीमा गम्भीर नकारात्मक प्रभाव पार्ने ठहर गर्दै व्यवसायीहरूले आन्दोलन तय गरेका हुन् । आइतबार संयुक्त बैठकपछि जारी प्रेस विज्ञप्तिअनुसार सरकारले आफ्ना माग सम्बोधन नगरे देशैभरिका शैक्षिक परामर्श संस्था बन्द गरी सरकारलाई साँचो ताल्चा हस्तान्तरण गर्नेसम्मका कार्यक्रम घोषणा गरिएको छ। व्यवसायीहरूले नियमावलीमा गरिएको अव्यावहारिक धरौटीसम्बन्धी व्यवस्था पूर्ण रूपमा हटाउनुपर्ने मुख्य माग राखेका छन् । ठूलो रकम धरौटी राख्दैमा विद्यार्थीको सुरक्षा वा गुणस्तरीय सेवा सुनिश्चित नहुने उनीहरूको तर्क छ । विद्यार्थीको आर्थिक तथा शैक्षिक हित संरक्षणका लागि धरौटीको सट्टा आवश्यक कानुनी संरचनासहितको प्रभावकारी बीमा तथा संरक्षण प्रणाली लागू गर्न उनीहरूले माग गरेका छन् । नीति निर्माण प्रक्रियामा प्रत्यक्ष सरोकारवाला संघ-संस्था, व्यवसायी, विषयविज्ञ र कानुनविद् हरूसँग पर्याप्त र अर्थपूर्ण परामर्श नगरिनु गम्भीर नीतिगत कमजोरी भएको विज्ञप्तिमा उल्लेख छ।

विज्ञप्तिमा नियमावलीले अत्यधिक प्रशासनिक नियन्त्रण, दोहोरो प्रक्रिया, प्रक्रियागत जटिलता र अतिरिक्त आर्थिक भार बढाउने भन्दै विरोध गरिएको छ । नियमनका सम्पूर्ण सेवा, स्वीकृति, नवीकरण, अनुगमन र अभिलेखीकरणलाई स्पष्ट जिम्मेवारीसहित एकद्वार प्रणालीबाट सञ्चालन गरिनुपर्ने उनीहरूको माग छ। यस्तै अनुमति र नवीकरणको अवधि ५ वर्ष कायम गरिनुपर्ने र व्यावहारिक भवन मापदण्ड लागू गरिनुपर्ने विषयलाई पनि संयुक्त मागमा समेटिएको छ । नियमावलीका कतिपय प्रावधानहरू नेपालको वर्तमान संघीय शासन संरचना, प्रदेशगत अभ्यास र व्यवसाय दर्ता प्रणालीसँग मेल नखाने व्यवसायीको ठहर छ। संघ, प्रदेश र स्थानीय तहबीचको अधिकार क्षेत्र र जिम्मेवारी स्पष्ट नहुँदा एउटै संस्थाले विभिन्न निकायमा दोहोरो प्रक्रिया पूरा गर्नुपर्ने र कानुनी अन्योल सिर्जना हुने जोखिम रहेको विज्ञप्तिमा जनाइएको छ । सरकारबाट स्वीकृति प्राप्त संस्थालाई सहजीकरण र संरक्षण गर्दै अनुमतिबिना सञ्चालन हुने संस्था, फ्रिलान्सर, अनधिकृत एजेन्ट र गैरकानुनी अनलाइन परामर्श गतिविधिमाथि भने प्रभावकारी कारबाही गर्न माग गरिएको छ । यसै सन्दर्भमा इक्यान कास्कीका उपाध्यक्ष सन्तोष शाहीले नियमावलीका केही प्रावधानले साना तथा स्वरोजगार व्यवसायीलाई सिधै विस्थापित गर्ने खतरा बढाएको बताए । 'हामी नियमनको विरोधी होइनौँ तर राज्यको नीति निजी क्षेत्रलाई नियन्त्रण र निरुत्साहित गर्नेभन्दा पनि जिम्मेवार र पारदर्शी बनाएर संरक्षण गर्ने प्रकृतिको हुनुपर्छ,' उनले भने। व्यवसायीहरूले पहिलो चरणमा नियमावलीका विवादास्पद प्रावधान संशोधनको मागसहित देशव्यापी हस्ताक्षर अभियान सञ्चालन गर्ने र आवश्यक कानुनी उपचारका लागि कानुनी प्रक्रिया अघि बढाउने जनाएका छन् । यसै गरी नेपाल उद्योग वाणिज्य महासंघ, सिजी, नेपाल चेम्बर अफ कमर्सलगायत निजी क्षेत्रका प्रतिनिधिमूलक संस्थाहरूसँग सहकार्य गरी संयुक्त नीतिगत पैरवी गरिने विज्ञप्तिमा उल्लेख छ। मागहरू सम्बोधन नभए शान्तिपूर्ण, मर्यादित र कानुनसम्मत रूपमा चरणबद्ध सडक आन्दोलनमा जाने चेतावनी उनीहरूले दिएका छन् ।

यो संयुक्त प्रेस विज्ञप्ति नेपाल शैक्षिक परामर्श व्यवसायी महासंघका अध्यक्ष राजेन्द्र बराल, इक्यानका अध्यक्ष लक्ष्मण पौडेल, फेकनका अध्यक्ष उमेश कुस्वार, जाल्सानका अध्यक्ष रमेश देवकोटा, एप्क्यानका कार्यवाहक अध्यक्ष अमित खड्का, केक्यानका अध्यक्ष विष्णु खड्का, एईक्यान अध्यक्ष किशोर तिवारी, एरि अध्यक्ष द्विराज शर्मा, आइरिनका अध्यक्ष योगेश क्षेत्री, नाएरका अध्यक्ष उद्धव खड्का, नेकाका अध्यक्ष भूपेन्द्र सिटौला, नेवाका अध्यक्ष नारायण रेग्मी र नेक्साका अध्यक्ष सन्तोष खनाले संयुक्त विज्ञप्ति जारी गरेका हुन् ।

# यू १६ जुनियर ह्याण्डबल प्रतियोगितामा छात्रतर्फ गुरूकुल र पोखरा एकेडेमी फाइनलमा

**पोखरापत्र संवाददाता**
पोखरा, २८ असार



यू १६ छात्र/छात्रा जुनियर ह्याण्डबल प्रतियोगिता अन्तर्गत छात्रतर्फ गुरूकुल मावि र पोखरा एकेडेमी फाइनलमा प्रवेश गरेका छन् ।

पोखरा रंगशालास्थित ह्याण्डबल एकेडेमी खेल मैदानमा जारी प्रतियोगितामा गुरूकुलले प्रगती माविलाई र पोखरा एकेडेमीले पोखरा लर्नस एकेडेमीलाई सेमीफाइनलमा पराजित गर्दै फाइनलमा स्थान बनाएका हुन् । सम्पन्न खेलमा गुरूकुलले प्रगती माविलाई १५-११ तथा पोखरा एकेडेमीले पोखरा लर्नसलाई १७-१४ गोल अन्तरले पराजित गरे । त्यस्तै छात्रातर्फ गण्डकी बोर्डिङ स्कुल ए टिम फाइनलमा स्थान बनाएको छ। सम्पन्न सेमीफाइनलमा पोखरा एकेडेमीलाई ३-० गोलले पराजित गरी फाइनलमा पुगेको हो। त्यस्तै छात्रातर्फको एक अर्को खेल भने वर्षाका कारण स्थागित भएको छ । दोस्रो सेमीफाइनल खेल गण्डकी बोर्डिङ बी र प्रगती मावि बीच हुने तय थियो । आइतबार रोकिएको एक सेमीफाइनल खेल, तेस्रो स्थान एवं फाइनल खेलहरु सबै सोमबार हुने रेफ्रि संयोजक विशाल बस्नेतले जानकारी दिएका छन् । गण्डकी प्रदेश ह्याण्डबल संघको आयोजना, प्रदेश खेलकुद परिषद् गण्डकीको प्रवर्द्धन तथा कास्की जिल्ला ह्याण्डबल संघको प्राविधिक संयोजनमा आयोजित प्रतियोगिता लिगकम नकआउटका आधारमा सञ्चालन भइरहेको छ।

प्रतियोगिताका विजेता छात्र तथा छात्रा टोलीले समान २५ हजार रुपैयाँ, उपविजेताले १५ हजार रुपैयाँ र तेस्रो हुने टोलीले १० हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गर्नेछन्।

यस्तै उत्कृष्ट खेलाडी, उत्कृष्ट किपर र सर्वाधिक गोलकर्तालाई जनही ३ हजार रुपैयाँसहित मेडल, प्रमाणपत्र र ट्रफी प्रदान गरिनेछ । प्रतियोगितामा छात्र-छात्रातर्फ गरी २२ टिमको सहभागिता रहेको छ।

# पर्वतको मोदीखोलामा बाढी, सतर्कता अपनाउन आग्रह

**पोखरापत्र संवाददाता**
पर्वत, २८ असार

कास्की र पर्वत हुँदै बग्ने मोदीखोलामा भारी वर्षाका कारण बाढी आएको छ । आइतबार बिहानैदेखि भारी वर्षा भइरहेकाले कास्कीको अन्नपूर्ण गाउँपालिका-११ किम्रुङमा बाढी आउनुका साथै वर्षाका कारण विभिन्न ठाउँमा पहिरो जाँदा मोदीखोलाको बहाव अत्यधिक बढेको हो ।

बाढीले कास्की क्षेत्रका विभिन्न स्थानमा क्षतिसमेत पुर्‍याएको छ । मोदीखोलामा दिउँसो ३:०० बजेदेखि पानीको सतह बढेपछि सतर्कता अपनाउन आग्रह गरिएको छ । जिल्ला प्रशासन कार्यालय पर्वत, मोदी गाउँपालिकाले तटीय क्षेत्रमा रहेका बासिन्दालाई आवश्यक सतर्कता अपनाउन आग्रह गरेको हो। प्रमुख जिल्ला अधिकारी लक्ष्मीप्रसाद पौडेलले मोदीखोला किनारमा बसोबास गर्नेलाई आवश्यक सावधानी अपनाउन आग्रह गरिएको बताउनुभयो। उहाँले खोला किनारमा काठदाउरा निकाल्न, माछा छोप्न वा अन्य कुनै प्रयोजनका लागि नजिक नजानसमेत आग्रह गर्नुभयो । यसैगरी मोदी गाउँपालिकाले पनि सामाजिक सञ्जालमार्फत आवश्यक सतर्कता अपनाउन सर्वसाधारणमा आग्रह गरेको छ । खोलामा अत्यधिक बहाव बढ्दा मोदीखोलामा सञ्चालित चारवटै विद्युत् गृहले उत्पादन बन्द गरेका छन्। मध्यमोदी, मोदीखोला, तल्लो मोदी र युनाइटेड मोदी जलविद्युत् आयोजनाले उत्पादन बन्द गरेका हुन्। विद्युत् गृहमा बाढीसहित ढुङ्गा, बालुवालगायत वस्तु पसेर यहाँ रहेका उपकरणहरू बिग्रिने खतराले उत्पादन बन्द गरिएको तल्लो मोदी जलविद्युत् आयोजना जनसम्पर्क अधिकृत सुरेन्द्र वेलवासेले जानकारी दिनुभयो। मोदीखोलाका पर्वत खण्डमा सुरक्षा सावधानीका लागि थप प्रहरी परिचालन गरिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक विजय यादवले जानकारी दिनुभयो।

# करुवा गाउँको पर्यटन प्रवर्द्धनमा हाइकर्स क्लब नेपालको हाईकिङ

**पोखरापत्र संवाददाता**
पोखरा, २८ असार

हरेक महिनाको अन्तिम शनिबार नियमित रूपमा हाइकिङ कार्यक्रम सञ्चालन गर्दै आएको हाइकर्स क्लब नेपालले यसपटकहाइकिङ भाग ७२ कास्की जिल्लाको माछापुच्छे गाउँपालिका-१ स्थित मिर्सी तातोपानीदेखि करुवा सादलसम्म हाइकिङ सम्पन्न गरेको छ।




क्लबका अध्यक्ष कृष्ण रानाभाटको नेतृत्व तथा संयोजक पितम सेनको समन्वयमा सम्पन्न कार्यक्रममा ५५ जना सहभागी भएका थिए । सहभागीहरू बिहान पोखराको न्युरोडमा भेला भई दुईवटा नगरबस मार्फत गन्तव्यतर्फ प्रस्थान गरेका थिए । हाइकिङमा विद्यार्थी, गृहिणी, विभिन्न पेशा-व्यवसायमा आबद्ध व्यक्तिहरू तथा सामाजिक संघ-संस्थाका प्रतिनिधिहरू गरी १० वर्षदेखि ६७ वर्षसम्मका सहभागीहरूको उत्साहजनक उपस्थिति रहेको थियो। सहभागीहरूले आफ्नै खर्चमा कार्यक्रममा सहभागिता जनाउँदै सामूहिक यात्रामार्फत स्वास्थ्य, सामाजिक एकता र प्राकृतिक पर्यटन प्रवर्द्धनको सन्देश दिएका छन् । सेती गण्डकी नदी आसपास अवस्थित करुवा गाउँ प्राकृतिक सौन्दर्य, हरियाली, शान्त वातावरण र ग्रामीण जीवनशैलीले भरिपूर्ण गन्तव्यका रूपमा विकास हुने प्रचुर सम्भावना बोकेको क्षेत्र रहेको पृथ्वीनारायण क्याम्पस पोखराका प्राध्यापक राजेन्द्र रेग्मीले बताए । यस्ता पदयात्राले ओझेलमा परेका गाउँहरूको पहिचान स्थापित गर्न, आन्तरिक पर्यटन बढाउन र स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउन महत्वपूर्ण योगदान पुग्ने विश्वास गरिएको क्लबकी सल्लाहकार जुना गुरुङले बताइन । कार्यक्रमको क्रममा करुणा आमा समूहले सहभागीहरूको भव्य स्वागत गर्नुका साथै सांस्कृतिक कार्यक्रम प्रस्तुत गरी स्थानीय कला, संस्कृति र आतिथ्यलाई जीवन्त बनाएको थियो । समूहकी प्रभा पुनले हाइकर्स क्लब नेपालप्रति विशेष धन्यवाद व्यक्त गर्दै आगामी दिनमा पनि यस्तै कार्यक्रम मार्फत गाउँमा पाहुनाहरूलाई स्वागत गर्न आतुर रहेको बताइन । कार्यक्रममा सहभागी नवोदित लेखक कृष्ण क्षेत्री 'उदय'ले आफ्ना दुई कृतिहरु जिन्दगीका अदृश्य किरण र जीवन सुदर्शन' समुहलाई प्रदान गर्दै ग्रामीण महिलाहरूको क्षमता अभिवृद्धिका लागि आवश्यक महिला सशक्तीकरण तालिममा प्रशिक्षक निःशुल्क उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरेका छन। उनको घोषणालाई स्थानीय समुदायले सकारात्मक पहलका रूपमा लिएको छ । स्थानीय समाजसेवी देव पुनले कार्यक्रमको सहजीकरण गर्दै गाउँको पर्यटन विकास, स्थानीय उत्पादनको प्रवर्द्धन तथा समुदायसँग बाह्य समाजको सम्बन्ध विस्तार गर्न यस्ता गतिविधि अत्यन्त प्रभावकारी हुने बताए । हाइकर्स क्लब नेपालले केवल पदयात्रामा सीमित नरही गाउँ-समाज, संस्कृति, पर्यटन, स्वास्थ्य र सामाजिक उत्तरदायित्वलाई एकैसाथ जोड्ने अभियान सञ्चालन गर्दै आएको अध्यक्ष कृष्ण रानाभाटले बताए। उनका अनुसार प्रत्येक महिनाको अन्तिम शनिबार आयोजना हुने हाइकिङ कार्यक्रमले नयाँ पदमार्गको खोज, स्थानीय समुदायसँग सहकार्य र प्रकृतिप्रतिको जिम्मेवारीबोधलाई थप मजबुत बनाउँदै आएको छ।

करुवा गाउँसम्मको यसपटकको हाइकिङले प्राकृतिक पर्यटन, स्थानीय संस्कृति, सामुदायिक आतिथ्य र सामाजिक सहकार्यलाई एकै सूत्रमा बाँध्दै ग्रामीण पर्यटन प्रवर्द्धनको प्रभावकारी नमुना प्रस्तुत गरेको सहभागीहरूको निष्कर्ष रहेको छ।

# समता शिक्षा सेवा शुल्कमा पुनर्विचार गर्न आग्रह

**रासस**
काठमाडौं, २८ असार

निजी शिक्षालय सञ्चालकका विभिन्न सङ्गठनहरूले सरकारले लागू गरेको तीन प्रतिशत समता शिक्षा सेवा शुल्कबारे पुनर्विचार गर्न आग्रह गरेका छन् ।

निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन (प्याब्सन), उच्च शिक्षालय तथा माध्यमिक विद्यालय सङ्घ (हिसान), राष्ट्रिय निजी तथा विद्यालय एसोसिएसन (नेशनल प्याब्सन) र 'एसोसिएसन अफ प्रि-स्कुल एजुकेटर्स नेपाल' (अपेन)ले आइतबार संयुक्त रूपमा पत्रकार सम्मेलन आयोजना गरी उक्त शुल्क व्यवहारिक र न्यायोचित नभएको उल्लेख गर्दै यसको कार्यान्वयनबारे पुनर्विचार गर्न सरकारसँग आग्रह गरेका हुन् ।

सङ्गठनका अध्यक्षहरू कृष्णप्रसाद अधिकारी (प्याब्सन), युवराज शर्मा (हिसान), सुवास न्यौपाने (नेशनल प्याब्सन) र कृष्णकुमार बोहरा (अपेन)द्वारा जारी संयुक्त विज्ञप्तिमा पुनर्विचार गर्न आग्रह गरिएको हो । पत्रकार सम्मेलनमा निजी शिक्षालयका लागि रु १० लाखसम्मको शैक्षिक ऋणको व्यवस्था गर्न तथा सार्वजनिक बिदा, शैक्षिक सत्र र शिक्षा नियमावली (दसौँ संशोधन) लगायतका नीतिगत विषयमा निर्णय गर्दा सम्बन्धित पक्षसँग परामर्श गर्न पनि सरकारसँग आग्रह गरिएको छ।

# रत्नपाण्डे माविमा शुद्ध खानेपानी ट्याङ्की निर्माण कार्यको शुभारम्भ

**पोखरापत्र संवाददाता**
पोखरा, २८ असार



पोखरा महानगरपालिका-१३, आर्वा, कास्कीस्थित श्री रत्नपाण्डे माध्यमिक विद्यालयमा आइतबार १० हजार लिटर क्षमताको भूमिगत शुद्ध खानेपानी ट्याङ्की निर्माण कार्यको शुभारम्भ गरिएको छ।

विद्यालयमा स्वच्छ पिउने पानीको दीर्घकालीन व्यवस्था गर्ने उद्देश्यले लायन्स क्लब अफ अन्नपूर्ण अन्तर्गत सेती गङ्गा लायन्स क्लबको तर्फबाट ट्याङ्की निर्माणका लागि रु. २ लाख २५ हजार आर्थिक सहयोग प्रदान गरिएको हो। साथै, बेलायतबाट आएका २६ जना स्वयंसेवी (भोलिन्टियर) विद्यार्थीहरूको सक्रिय सहभागितामा निर्माण कार्य सुरु गरिएको छ । पोखरा महानगरपालिका वडा नं. १३ का वडा सदस्य बलबहादुर बराल, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष भोजराज बराल तथा विद्यालयका निवर्तमान विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्री विष्णुप्रसाद बरालगायतले संयुक्त रुपमा आइतवार गर्नुभएको थियो।

शिलान्यास कार्यक्रममा विद्यालयका प्रधानाध्यापक, सहायक प्रधानाध्यापक, शिक्षक-शिक्षिका, विद्यार्थी तथा स्थानीय सरोकारवालाहरूको उल्लेखनीय सहभागिता रहेको थियो । यस योजनाका संयोजक तथा विद्यालयका सहायक प्रधानाध्यापक विष्णुप्रसाद दाहालको विशेष पहलका कारण विद्यालयले उक्त योजना प्राप्त गरेको भन्दै उहाँप्रति विशेष धन्यवाद ज्ञापन गरिएको छ । कार्यक्रममा लायन्स क्लब अफ अन्नपूर्णका पूर्व अध्यक्ष सोनाङ साङ्पा, सेती गङ्गा लायन्स क्लबकी अध्यक्ष सिर्जना हिराचन, सचिव अमिता राज भण्डारी लगायत क्लबका पदाधिकारीहरूको समेत उल्लेखनीय उपस्थिति रहेको थियो।

यस परियोजना सम्पन्न भएपछि विद्यालयमा लामो समयदेखि रहँदै आएको स्वच्छ पिउने पानीको समस्या समाधान हुने विश्वास गरिएको विद्यालयका प्रधानाध्यापक संगित पोखेलले पोखरापत्रलाई वताउनुभयो।

# पृथ्वी चोकका ...

८

क्षेत्रको दीर्घकालीन विकासका लागि स्पष्ट र स्थायी नीति आवश्यक रहेको धारणा राखे ।

कार्यक्रममा महासङ्घका वरिष्ठ उपाध्यक्ष एनकुमार शाही, वरिष्ठ उपाध्यक्ष केदारप्रसाद पौडेल, उपमहासचिव भानुभक्त बराल, सचिव उमेश एस।के। तथा कोषाध्यक्ष राजेन्द्र आचार्यलाई सम्मान गरिएको थियो । महासङ्घ गण्डकी प्रदेश समितिका संयोजक महेशबहादुर थापाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सातौँ राष्ट्रिय महाधिवेशनबाट निर्वाचित केन्द्रीय पदाधिकारी तथा प्रतिनिधिलाई बधाई तथा सम्मान गर्नुका साथै प्रदेश समितिका मनोनीत सदस्यलाई शपथग्रहण गराइएको महासचिव अर्जुन पौडेलले जानकारी दिए ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. विनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

विगतका कुराहरुले भविष्यको मार्गदर्शन गर्छ ।

– अज्ञात

## सम्पादकीय

# बालेन सरकार सुकुम्बासीका पीडा बढाउँदै

बालेन्द्र शाह नेतृत्वको सरकारले  डुबानबाट बचाउने भन्दै काठमाडौं उपत्यकाका नदी/खोला किनारका सुकुम्बासी बस्तीमा डोजर चलाएर हटाइएकाहरु फेरि डुवानमा परेका छन । बाग्मती नदि/खोला किनारबाट हटाएर  विभिन्न होल्डिङ सेन्टरमा राखेको थियो । विना तयारी सुकुम्बासी र गरिबका बस्तीमा डोजर चलाएर फेरि डुवानमा पुऱ्याउने सरकारको अमानवीय व्यवहार फेरि प्कट भएको छ । कीर्तिपुर होल्डिङ सेन्टरमा राखिएका सुकुम्बासी अहिले बागमतीको डुबानकै कारण यहाँबाट पनि विस्थापित हुनुपर्ने अवस्था आएको छ। शनिबार बिहानको झरीले बागमती नदी किनारमै रहेको कीर्तिपुर होल्डिङ सेन्टर डुबानमा परेपछि यहाँ बसिरहेका ५६ परिवार फेरि विस्थापित हुनुपर्ने अवस्थामा पुगेका छन। शनिबार बिहान १ बजेतिर होल्डिङ सेन्टरमा पानी पस्न थालेपछि रातभरि सुत्न नपाएको भिडियो सार्वजनिक भएको छ । अचानक कम्मरभन्दा माथिसम्म पानी जमेपछि बगाउने डरले उनीहरू ओढ्ने-ओछ्याउने समेत छाडेर बाहिर निस्किएका थिए। कतिले ओढ्ने-ओछ्याउनेसम्म निकाल्न भ्याए ।

होल्डिङ सेन्टरमा खटिएका काठमाडौं महानगरपालिकाका नगर प्रहरी केही दिनअघि नै त्यहाँबाट फर्किसकेका थिए। त्यहाँ कीर्तिपुर प्रहरी वृत्तले खटाएका एक जना मात्र सुरक्षाकर्मी उपस्थित थिए । उनीहरूले  राति नै खबर गरेपनि 'बिहान मात्र उद्धार टोली पुगेको दुखेसो छ। बिहान आइपुगेको सशस्त्र र नेपाल प्रहरीको टोलीले उनीहरूलाई त्रिभुवन विश्वविद्यालयको भवनमा सारेको थियो। रातभरको पानीले भिजेका लुगा शरीरमै सुकाएका पीडितहरूलाई प्रहरीले सामान निकाल्न सघाएका थिए। त्यसपछि अन्य सर्वसाधारण पनि घटनास्थल पुगेका थिए । प्रधानमन्त्री निकट पार्टी कार्यकर्ताले पीडित र संचारकर्मीबीच  विवाद भयो । पीडितको  पक्षमा बोल्नेहरूलाई नियन्त्रणमा लिने र कुटपिट गर्ने काम भएको छ । शनिबार दिउँसो नै केही जेनजी अभियानी होल्डिङ सेन्टरमा रहेका सुकुम्बासीको अवस्था बुझ्न जाँदा प्रहरीले उनीहरूमाथि धरपकड गरेको थियो । धरपकडमा जेनजी मुभमेन्ट अलायन्सका माजिद अन्सारी, सरिश्मा थापा र नहेन्द्र खड्कालाई प्रहरीले लछारपछार गरी नियन्त्रणमा लिएको थियो । यी तीन जनामध्ये सरिश्मा र नहेन्द्रलाई रिहा गरिएको छ। माजिद अन्सारीलाई भने प्रहरी कुटपिटमा नाक र मुखबाट रगत बगेको र आँखामा समेत चोट लागेकाले थप उपचार निम्ति टिचिङ अस्पताल लगिएको जेनजी अभियानी तथा अधिवक्ता अरनव चौधरीले जानकारी दिएका छन ।

सुकुम्बासीहरूको विरोधपछि प्रधानमन्त्री कार्यालय र अधिकारसम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिका अधिकारीहरू कीर्तिपुर पुगेका थिए । त्यसपछि साँझपख उनीहरूलाई अन्यत्र व्यवस्थापन गर्ने सहमति भयो। सहमति अनुसार केही परिवारलाई भक्तपुरको खरिपाटी र बोडेस्थित होल्डिङ सेन्टरमा सारिएको छ । सुरक्षित बासस्थान चाहिएको बेला, 'सरकारले बागमतीको डुबाउनबाट बचाउने भन्दै हाम्रो पुरानो घर, बस्ती उजाड्यो, अहिले यही ठाउँ पनि डुबानमा परेर हाम्रो बिचल्ली बनाएको पीडा सरकारले देख्न चाहेको छैन । तत्काल समस्या समाधान गर्छु भनेर ल्याएको सरकारले बिरालोले बच्चा सारेजस्तो यताबाट उता सार्ने काम मात्र गरिरहेकाले प्रतिरोध पनि भएको छ । यो क्षेत्र डुबानको जोखिममा छ भन्ने थाहा पाउँदा पाउँदै राज्यले लापरबाहीपूर्वक गरिबलाई यहाँ ल्याएर राख्यो । पहिले डुबानको डर देखाउँदै सुकुम्बासी बस्तीमा डोजर चलाउने सरकारलाई यो ठाउँ पनि डुबानको जोखिममा छ भन्ने थाहा थिएन र?'

दुई महिनाअघि आफ्नो एकल निर्णयबाट सुकुम्बासी बस्ती खाली गराउन प्रहरी-प्रशासनलाई निर्देशन दिएपछि प्रधानमन्त्री बालेन शाहले फेसबुकमा स्ट्याटस लेखेका थिए । हरेक वर्ष बाढीका कारण काठमाडौं नदी किनारका हजारौं मानिस डुबानमा परेको उल्लेख गर्दै बालेनले लेखेका थिए, 'थापाथली, गैरीगाउँ, मनोहरा लगायत खोला किनारमा जोखिमपूर्ण अवस्थामा रहेका उहाँहरूलाई बल प्रयोग नगरी, मानवीयतालाई ख्याल गर्दै सुरक्षित रूपमा स्थानान्तरण गर्न लागिएको हो ।'

उनले यो पनि भनेका थिए, 'हामी सरकारमा छौं; अतिक्रमणकारी र सुकुम्बासी छुट्याउने नै छौं । देशभरका वास्तविक सुकुम्बासीका लागि प्रक्रिया पुऱ्याएर यथाशक्य चाँडो जग्गा वितरण गर्नेछौं । वर्षौं पुरानो यो समस्याको स्थायी समाधान यो सरकारले गर्नेछ । ढुक्क हुनुहोस् ।' प्रधानमन्त्री बालेनले आफ्नै प्रतिबद्धता पूरा गर्न नसकेपछि आत्मसमीक्षा गर्नुको सट्टा प्रश्न गर्ने नागरिकमाथि दमन गर्नु लोकतन्त्र, अभिव्यक्ति स्वतन्त्रता र नागरिक अधिकारमाथिको आक्रमण भएको आङ्देम्बेको भनाइ छ । उनले प्रधानमन्त्री बालेनलाई सुकुमवासी नागरिकसँग गरेको वाचाको जवाफ दिन आग्रह गर्दै भने, 'प्रधानमन्त्रीजी, सुकुमवासी नागरिकसँग गर्नुभएको वाचाको जवाफ दिनुहोस् । किनभने इतिहासले तपाईंका खोक्रा भाषणलाई होइन, नागरिकसँग गरिएका प्रतिबद्धता पूरा भए कि भएनन् भन्ने कुराको हिसाब खोजेको छाअरुलाई विरोध गर्न जति सजिलो हुन्छ त्यही काम आफुले गर्दा कति गाह्रो हुन्छ भन्ने बुझ्न आवश्यक छ ।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सहयोग मिल्नेछ |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : झमेला बड्ने |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : शुभ यात्रा |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : स्वास्थ्यमा सुधार |
| कन्या | : मानसिक तनाब | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# इङल्यान्ड विश्वकपको सेमिफाइनलमा

**रासस**
काठमाडौं, २८ असार

इङल्यान्ड २-१ गोलले नर्वेलाई पराजित गर्दै फिफा विश्वकप २०२६ को सेमिफाइनलमा प्रवेश गरेको छ।

आइतबार बिहान भएको क्वार्टरफाइनलमा इङल्यान्डका जुड बेलिङ्घमले नर्वेविरुद्ध दुई गरका हुन् । यससँगै आठ वर्षपछि इङल्यान्ड विश्वकपको सेमिफाइनलमा पुगेको छ । पहिलो पटक विश्वकपको क्वार्टरफाइनलमा पुगेको नर्वे प्रतियोगिताबाट बाहिरिएको छ । खेलको ३६औं मिनेटमा एन्ड्रयास स्केल्डरअपले गोल गर्दै नर्वेलाई अग्रता दिलाएका थिए ।

अब इङल्यान्डको सामना अर्जेन्टिना र स्विट्जरल्यान्डबीच हुने क्वार्टरफाइनलको विजेतासँग हुनेछ । अहिले अर्जेन्टिना र स्विटजरल्यान्डबीच खेल जारी छ । अर्जेन्टिना एक गोलका साथ अग्रपङ्तिमा छ ।

# अर्जेन्टिना  विश्वकपको सेमिफाइनलमा

**रासस**
काठमाडौं, २८ असार

स्विटजरल्यान्डलाई ३-१ गोलले पराजित गर्दै साविक विजेता अर्जेन्टिना फिफा विश्वकपको सेमिफाइनलमा प्रवेश गरेको छ।

अमेरिकाको कान्सास सिटी स्टेडियममा आइतबार भएको खेलमा स्विट्जरल्यान्डलाई पराजित गर्दै अर्जेन्टिना विश्वकपको सेमिफाइनलमा प्रवेश गरेको हो । अर्जेन्टिनाका एलेक्सिस म्याक एलिस्टर, जुलियन अल्भारेल र लाउटारो मार्टिनेजले आफ्नो टोलीलाई एकएक गोलको योगदानबाट सेमिफाइनमा पुर्‍याएका हुन् ।

खेलको १० औं मिनेटमा एलिस्टरले हेड गोल गर्दै अर्जेन्टिनालाई पहिलो अग्रता दिलाएका थिए । त्यसपछि खेलको ६७औं मिनेटमा स्विटजरल्यान्डका डान एनडोयेले गोल गर्दै खेललाई एक एक गोलको बराबरीमा ल्याएका थिए ।  खेलको ७२ औं मिनेटदेखि स्विट्जरल्यान्ड १० खेलाडीमा सीमित भयो। ब्रेल एम्बोलोलेदोहोरोपहैंलोकार्डपाएर बाहिरिएपछि स्विट्जरल्यान्ड १० खेलाडीमा सीमित बनेको हो । खेलको निर्धारित ९० मिनेटसम्म दुवै टोलीको समान गोल भएपछि खेल अतिरिक्त समयमा धकेलियो ।

खेलको ११२ औं मिनेटमा अल्भारेलले गोल गर्दै अर्जेन्टिनाको अग्रता कायम गरे । त्यसपछिको अतिरिक्त समयमा मार्टिनेजले गोल गर्दै अर्जेन्टिनालाई विजयी  बनाए । अब अर्जेन्टिना फाइनल प्रवेशका लागि इङल्यान्डसँग खेल्नेछ ।

# 'नेपाली भाषाको विकास र विस्तारमा भानुभक्त आचार्यको योगदान महत्वपूर्ण'

**रासस**
काठमाडौं, २८ असार

नेपाली भाषाको विकास र विस्तारमा आदिकवि भानुभक्त आचार्यको योगदान महत्वपूर्ण रहेको छ।

आदिकवी भानुभक्त आचार्यको २१३औं जन्मजयन्तीका अवसरमा मर्स्याङ्दी वाङ्मय प्रतिष्ठान, तीर्थ स्मृति प्रतिष्ठान, ठाकुर छाँगा स्मृति समाज, शताब्दी साहित्य प्रतिष्ठानले टोखास्थित एसिया प्यासिफिक विद्यालयमा आयोजना गरेको कार्यक्रमका वक्ताले नेपाली भाषा र साहित्यको विकासमा भानुभक्त आचार्यको योगदान आज पनि सान्दर्भिक भएको बताएका हुन् ।

वरिष्ठ साहित्यकार प्राडा शैलेन्दुप्रकाश नेपालले नेपाली भाषालाई जनसाधारणको पहुँचमा पुऱ्याउने तथा साहित्यिक अभिव्यक्तिलाई सरल, सहज र प्रभावकारी बनाउने कार्यमा भानुभक्त आचार्यको भूमिका अतुलनीय रहेको बताउनुभयो । प्रा डा नेपालले भानुभक्तले नेपाली भाषालाई साहित्यिक अभिव्यक्तिको माध्यमका रूपमा स्थापित गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको उल्लेख गर्नुभयो । भानुभक्तका कृतिले नेपाली साहित्यको जग बलियो बनाउनुका साथै पछिल्ला पुस्ताका स्रष्टालाई सिर्जनशील बन्न प्रेरणा दिएको उहाँको भनाइ थियो ।प्राडा सर्वराज आचार्यले भानुभक्तले नेपाली भाषाको विकास, विस्तार र लोकप्रियतामा महत्वपूर्ण योगदान पुऱ्याएको बताउनुभयो । उहाँले भानुभक्तको कृतिलाई चिनाउनका लागि मोतिराम भट्टले भूमिका खेलेको उल्लेख गर्नुभयो । प्राडा भागवत ढकालले पृथ्वीनारायण शाहले नेपालको भूगोल एकीकरण गरेर विशाल मुलुक निर्माण गरेजस्तै भानुभक्तले भाषिक एकीकरण गरेको बताउनुभयो । उहाँले नेपालमा भात्र नभई भारत, भुटान र वर्मामा भानुभक्तलाई उत्तिकै आदरसत्कार गर्ने गरेको उल्लेख गर्नुभयो । मर्स्याङ्दी वाङ्मय प्रतिष्ठानका अध्यक्ष विजयराज न्यौपानेले नेपाली भाषा र साहित्यको इतिहासमा भानुभक्त आचार्यको योगदान सदैव स्मरणीय रहने बताउनुभयो । उहाँले मर्स्याङ्दी वाङ्मय प्रतिष्ठानले हरेक वर्ष भानु जयन्तीका अवसरमा विभिन्न कार्यक्रम गरी मनाउँदै आएको बताउनुभयो । विसं १८७१ असार २९ गते तनहुँको चुँदीराम्घामा जन्मनुभएका भानुभक्त आचार्यले संस्कृत भाषामा सीमित रहेको रामायणलाई सरल नेपाली भाषामा अनुवाद गरी आमजनतामाझ पुऱ्याउनुभएको थियो ।

भानुभक्तले रामायणका अतिरिक्त भक्तमाला, प्रश्नोत्तर, बधुशिक्षा लगायतका कृतिमार्फत नैतिक शिक्षा, धार्मिक चेतना र सामाजिक सन्देश प्रवाह गर्नुभएको थियो । उहाँका रचनाहरू सरल भाषा, मिठासपूर्ण शैली तथा जनजीवनसँग निकट भएकाले नेपाली साहित्यमा विशेष स्थान ओगट्न सफल भएका छन् ।

कार्यक्रममा ८७ वर्षीया मेनका पौडेलद्वारा लिखित 'मेरा चौरासी वर्ष' कृति लोकार्पण गरिएको थियो । लमजुङको सुन्दरबजार नगरपालिका दुराडाँडा स्थायी घर भएकी पौडेलले ८४ वर्षसम्म भोगेका भोगाइलाई समेटिएर तयार पारेको उक्त पुस्तक भानुजयन्तीका अवसरमा विमोचन गरिएको हो ।

# 'देश परिवेश' लोकार्पण

**पोखरापत्र संवाददाता**
पोखरा, २८ असार




कवि सावित्री आचार्यको दोस्रो गीति कविता संग्रह 'देश परिवेश' शनिबार पोखरामा लोकार्पण गरिएको छ।

अलिमियाँ वाङ्मय प्रतिष्ठान र दीपशिखा साहित्य सङ्गमको संयुक्त आयोजनामा सम्पन्न कार्यक्रममा साहित्यकार, कवि तथा साहित्यप्रेमीहरूको उपस्थितिबीच ५९ वटा गीति कविता समेटिएको उक्त कृति सार्वजनिक गरिएको हो । कार्यक्रममा दीपशिखा साहित्य सङ्गमका संस्थापक अध्यक्ष रामजी प्रसाद आचार्यले स्रष्टा परिचय प्रस्तुत गर्दै कवि सावित्री आचार्यको संघर्षपूर्ण जीवनयात्रा साहित्यिक योगदान तथा लेखन यात्राबारे प्रकाश पारे ।  उनले कठिन परिस्थितिका बाबजुद निरन्तर साहित्य साधनामा सक्रिय रहँदै नेपाली साहित्यमा विशिष्ट योगदान पुऱ्याएको उल्लेख गरे ।

कृतिमाथि समीक्षा गर्दै गण्डकी प्रज्ञा प्रतिष्ठानकी प्राज्ञ टुकादेवी पौडेल आचार्यले संग्रहमा समावेश गीति कविताहरू मौलिक, संवेदनशील र जीवनपरक रहेको बताइन्। गाउँघर, समाज, संस्कृति र मानवीय अनुभूतिलाई सरल भाषाशैलीमा प्रस्तुत गरिएको उल्लेख गर्दै उनले कृतिका सकारात्मक पक्षसँगै आगामी सिर्जनात्मक यात्राका लागि रचनात्मक सुझावसमेत प्रस्तुत गरिन् । उनका अनुसार संग्रहका ५९ वटै गीति कविताले पाठकलाई गहिरो संवेदनशील अनुभूति दिलाउने क्षमता राख्छन् । बिम्ब कवि तथा प्राज्ञ रमेश श्रेष्ठले सावित्री आचार्यका कविताहरू बजारका कृत्रिम ' प्लास्टिकका फूल' जस्ता नभई नेपाली वनपाखा, पहरा र हिमाली काखमा फुल्ने रैथाने 'सुनाखरी' जस्तै मौलिक रहेको बताए। उनले ती कविताले आफ्नै माटोको सुवास, गाउँघरको जीवन, संस्कृति र नेपाली समाजको यथार्थलाई जीवन्त रूपमा प्रस्तुत गरेको उल्लेख गरे। पद्मराज ढकालको अभिभावकीय साथ र टुकादेवी पौडेल आचार्यको शालीन समीक्षाले पुस्तकको गरिमा अझ बढाएको चर्चा गर्दै उनले यो उमेरमा पनि सावित्री आचार्यको निरन्तर सिर्जनशीलता सम्पूर्ण आमा तथा दिदीबहिनीहरूका लागि प्रेरणादायी उदाहरण भएको बताए । ओझेलमा परेका यस्ता वास्तविक स्रष्टाहरूलाई समाजले सम्मान, संरक्षण र भावनात्मक साथ दिनुपर्ने उनको धारणा थियो। पोखरा प्रज्ञा प्रतिष्ठानका संस्थापक कुलपति पद्मराज ढकालले 'देश परिवेश' नेपाली गाउँघर, समाज, संस्कृति र जीवनशैलीका मौलिक तथा टिपिकल पक्षलाई जीवन्त रूपमा प्रस्तुत गर्ने कृति भएको बताए । उनले पुस्तकमा समेटिएका विषयवस्तुले पाठकलाई आफ्नै माटो र परिवेशसँग जोड्ने भएकाले सबैले पढ्नुपर्ने पुस्तकका रूपमा यसलाई लिनुपर्ने धारणा व्यक्त गरे ।

कृतिकार सावित्री आचार्यले कार्यक्रममा व्यक्त गरिएको माया, सम्मान र हौसलाप्रति आभार व्यक्त गर्दै यस्ता प्रेरणाले आफूलाई आगामी दिनमा अझ सशक्त सिर्जना गर्न ऊर्जा मिलेको बताइन् । उनले साहित्य साधनालाई निरन्तरता दिने प्रतिबद्धतासमेत व्यक्त गरिन् ।

दीपशिखा साहित्य सङ्गमका सल्लाहकार विपिन आचार्यले संग्रहमा गाउँघरका मौलिक विषय, स्थानीय संस्कृति, परम्परा र नेपाली समाजका टिपिकल जीवनपक्षलाई प्रभावकारी रूपमा समेटिएको उल्लेख गर्दै कृतिको सफलताको शुभकामना व्यक्त गरे । अलिमियाँ वाङ्मय प्रतिष्ठानका अध्यक्ष हनिफ मियाँ तथा दीपशिखा साहित्य सङ्गमका अध्यक्ष गौरव ढुङ्गानाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा विभिन्न वक्ताहरूले 'देश परिवेश' नेपाली साहित्यका लागि महत्त्वपूर्ण उपलब्धि भएको धारणा व्यक्त गरेका थिए ।

कार्यक्रममा संग्रहभित्र समावेश केही गीति कविताको वाचन पनि गरिएको थियो । प्राज्ञ सरस्वती श्रेष्ठ 'सरु', प्राज्ञ गायत्री पराजुली, गीता तिवारी, सुजन आचार्य तथा मुक्तक मञ्चका अध्यक्ष अम्बिका भण्डारीले कृतिका कविता वाचन गरेका थिए । कार्यक्रमको सञ्चालन दीपशिखा साहित्य सङ्गमकी महासचिव मनिषा लामिछानेले गरेकी थिइन् ।

कार्यक्रममा सहभागी साहित्यकार, कवि तथा साहित्यप्रेमीहरूले सावित्री आचार्यको 'देश परिवेश' ले नेपाली गाउँ-समाजको मौलिक जीवन, संस्कृति र संवेदनालाई उजागर गर्दै नेपाली साहित्यमा सकारात्मक योगदान पुऱ्याउने विश्वास व्यक्त गरेका थिए ।

# म्याग्दीवासीलाई पोखरामै पुगेर प्रशासनिक सेवा

**पोखरापत्र संवाददाता**
म्याग्दी, २८ असार

जिल्ला प्रशासन कार्यालय म्याग्दीले पोखरामा बसोबास गर्ने म्याग्दीवासीलाई लक्षित गरी सञ्चालन गरेको घुम्ती शिविरबाट १८२ जना लाभान्वित भएका छन् ।

गण्डकी प्रदेशको राजधानी पोखरामा शनिबार आयोजित शिविरमा राष्ट्रिय परिचयपत्र वितरण, राहदानी वितरण, पञ्जीकरण तथा मतदाता नामावली दर्तासम्बन्धी सेवा प्रदान गरिएको थियो ।

म्याग्दीका छ वटै स्थानीय तह, पुन सेवा समाज पोखरा र खिवाङ सेवा समाजको समन्वयमा शिविर सञ्चालन गरिएको हो । सहायक प्रमुख जिल्ला अधिकारी कुलप्रसाद आचार्यका अनुसार शिविरमार्फत ८८ जनालाई राष्ट्रिय परिचयपत्र, एक जनालाई राहदानी वितरण गरिएको छ भने ६३ जनाको मतदाता नामावलीमा नाम दर्ता गरिएको छ । साथै ३० जनालाई पञ्जीकरण तथा अन्य प्रशासनिक सेवासम्बन्धी परामर्श प्रदान गरिएको उहाँले जानकारी दिनुभयो ।

प्रमुख जिल्ला अधिकारी रवीन्द्र आचार्यले रोजगारी, अध्ययन, पेसा तथा व्यवसायका सिलसिलामा पोखरामा बसोबास गरिरहेका म्याग्दीवासीलाई उनीहरूकै बसोबासस्थलमा प्रशासनिक सेवा उपलब्ध गराउने उद्देश्यले शिविर सञ्चालन गरिएको बताउनुभयो ।

"जिल्लाबाहिर पहिलो पटक घुम्ती शिविर सञ्चालन गरेर सेवा दिएका छौँ", उहाँले भन्नुभयो, "स्थानीय तहसँग समन्वय गरी वडा तहसम्म पुगेर राष्ट्रिय परिचयपत्र, राहदानी वितरण र मतदाता नामावली दर्तालगायतका सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिनेछौँ ।" प्रमुख जिल्ला अधिकारी आचार्यको नेतृत्वमा जिल्ला प्रशासन कार्यालय, जिल्ला निर्वाचन कार्यालय तथा स्थानीय तहका पञ्जीकरण शाखाका कर्मचारीको टोलीले सेवा प्रदान गरेको थियो । अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुन तथा पूर्वअध्यक्ष डमबहादुर पुनले घुम्ती शिविरले पोखरामा बसोबास गर्ने म्याग्दीवासीलाई सेवा लिन जिल्ला सदरमुकाम बेनीसम्म आउनुपर्ने बाध्यता हटाउँदै समय र खर्च दुवै बचत भएको बताउनुभयो । शिविरमा विसं २०७७ कात्तिक २४ गतेदेखि २०८० असार मसान्तसम्म जिल्ला प्रशासन कार्यालय म्याग्दीमा राष्ट्रिय परिचयपत्रका लागि विवरण दर्ता गराइ हालसम्म परिचयपत्र नलिएका तथा म्याग्दी स्थायी ठेगाना भई हाल पोखरामा बसोबास गर्ने नागरिकलाई प्राथमिकतामा राखेर सेवा प्रदान गरिएको थियो ।

जिल्ला प्रशासन कार्यालयका अनुसार राष्ट्रिय परिचयपत्रका लागि विवरण दर्ता गराए पनि हालसम्म लिन नआएका १० हजारभन्दा बढी परिचयपत्र वितरणलाई तीव्रता दिन तथा प्रशासनिक सेवा नागरिकको पहुँचमै पुऱ्याउने उद्देश्यले यस्ता घुम्ती शिविर सञ्चालन गर्न थालिएको हो ।

HIMALAYAN LIFE

प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल

फोन नं. ५९७००५७, पो.ब.नं. २५९७९

**हकदावी सम्बन्धि सूचना**

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

| क्र.स. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | Gli 0610000676 | रितिशा बराल | पोखरा-५, कास्की |
| २ | Gli 0610000919 | ऋषिराम बराल | पोखरा-५, कास्की |

# वनफूलले सिँगारिएको ढोरपाटन

पोखरापत्र संवाददाता
बागलुङ, २८ असार

समथर मैदानमा फूलेका थरिथरिका फूल । कतै राता, कतै पहेँला, गुलाबी त कतै बैजनी रङका फूलले यतिबेला यो ढोरपाटन उपत्यका चिटिक्क सिँगारिएको छ । चारैतिर अग्ला पहाडले घेरिएको उपत्यका बर्खायाममा निकै मनमोहक देखिन्छ । फूलैफूलले ढाकिएको ढोरपाटनसँग साइनो गाँस्न दिनहुँ आन्तरिक पर्यटक ढोरपाटन आउने गरेका छन् ।

नेपालको एकमात्र सिकार आरक्ष क्षेत्र पर्ने ढोरपाटनमा पछिल्लो तीन वर्षयता वनफूलले पर्यटकलाई थप आकर्षित गर्न थालेको छ । विसं २०७५ सम्म ढोरपाटनमा पर्यटकको आगमन न्यून थियो । घुम्न आउनेभन्दा पनि ढोर बराह मन्दिरमा पूजा गर्न आउने दर्शनार्थीबाहेक अन्य पर्यटकको खासै उपस्थिति थिएन । जब सञ्चारमाध्यम र सामाजिक सञ्जालमार्फत प्रचारप्रसार हुन थाल्यो, तब ढोरपाटनमा पर्यटकको घुइँचो नै लाग्न थाल्यो । बर्खा लागेसँगै देशका धेरै पर्यटकीय क्षेत्र सुनसान बन्दैछन्, तर ढोरपाटनमा भने पर्यटकको भीडभाड बढ्न थालेको छ । बर्खाको समयमा ढोरपाटन अरु



बेलाभन्दा बढी रमणीय देखिने हुँदा यो सिजनमा पर्यटक बढी आउने गरेका हुन् । दैनिक २०० बढी पर्यटक ढोरपाटन आउने गरेको होटल व्यवसायी सङ्घका अध्यक्ष जीवन पुनले जानकारी दिनुभयो ।

ढोरपाटनमा पर्यटकको चाप बढेपछि होटल व्यवसाय पनि फस्टाउन थालेको उहाँको भनाइ छ ।अध्यक्ष पुनले भन्नुभयो, "पहिला पनि ढोरपाटन उपत्यकामा अत्यधिक मात्रामा फूलहरू फूल्थे तर प्रचारप्रसार नहुँदा पर्यटक आउन सकेका थिएनन्, अहिले मिडिया र सामाजिक सञ्जालमा फोटो भिडियो आउँदा पर्यटकको आकर्षण बढेको छ, एक दशक अगाडि त ढोरपाटनमा पर्यटक खासै आउँदैनथे, यहाँका स्थानीय पनि घुम्ती बसाइमात्रै बस्ने गर्थे ।"

स्थानीयले राके फूलका रूपमा चिन्ने वनफूललाई ढोरपाटन सिकार आरक्षले नाकेफुली, बुकीफूल, मदानेफूललगायतको नाम दिएको छ । देशका ठूला सहर काठमाडौँ, नेपालगन्ज, पोखरा, भैरहवा, चितवनबाट बढी पर्यटक रमाउन आउने गरेका छन् । वनफूल पाटनैभरि फुल्छ । फूलमा घोडा, भेडाबाख्रा र गाईभैँसी खुलेमा चर्ने गर्छन् । वस्तुभाउको गोबरले वनफूल राम्रो हुने गर्छ । चितवनको माडीका महेश थापाले सामाजिक सञ्जालमा भाइरल भएका तस्बिर र भिडियो देखेर ढोरपाटन घुम्न आएको बताउनुभयो । गत वर्षदेखि नै ढोरपाटन घुम्न आउने योजना बनाएको भन्दै यसपालि १३ जनाको समूह वनफूल हेर्न आएको उहाँले सुनाउनुभयो । चारैतिर फुलेका वनफूल र यहाँको वातावरण निकै मनोरम लागेको थापाको भनाइ छ । दाङको तुल्सीपुरबाट आउनुभएका कुलेन्द्र पनेरुले ढोरपाटन आउँदा मन फुरुङ्ग भएको बताउनुभयो । दाङमा यतिबेला निकै गर्मी रहेको भन्दै ढोरपाटनमा भने निकै चिसो मौसम रहेको सुनाउनुभयो । यहाँको प्राकृतिक सुन्दरता र हावापानीका बारेमा प्रचार गर्न सके विदेशी पर्यटकलाई सहज रूपमा ल्याउन सकिने उहाँको भनाइ छ । ढोरपाटनसम्म आउने सडकको केही स्थानमा अप्ठ्यारो हुँदा सास्ती खेप्नुपरेको पनेरुले दुःखेसो पोख्नुभयो । बुर्तिबाङदेखि ढोरपाटनसम्म करिब ३२ किलोमिटर कच्ची सडकयात्रा गर्नुपर्छ ।

अहिले बुर्तिबाङ बजारदेखि फल्लेघरसम्मको सडक ग्राभेल भए पनि त्यसभन्दा माथिको खण्डको दुरावस्था छ । जसका कारण पर्यटकले सास्ती खेप्नुपरेको छ । ढोरपाटन नगरपालिकाका उपप्रमुख धनबहादुर कायतले फल्लेघरभन्दा माथिको अप्ठ्यारो सडकलाई व्यवस्थित गर्ने बताउनुभयो । अहिले कालोपत्र गर्नका लागि सडक फराकिलो बनाउने काम भइरहेको हुँदा केही स्थानमा हिलाम्मे बनेको भन्दै पर्यटकको यात्रालाई सहज बनाउन गेग्रेटा हालेर व्यवस्थित बनाउने उहाँको भनाइ छ । ढोरपाटनमा आउने सङ्ख्या बढेपछि आफूहरू उत्साहित भएको कायत बताउनुहुन्छ ।

# भानु साहित्य उद्यानलाई २४ करोड

पोखरापत्र संवाददाता
तनहुँ, २८ असार

नेपाली भाषाका अनुवादक आदिकवि भानुभक्त आचार्यको जन्मभूमि चुँदी रम्घालाई अन्तरराष्ट्रिय प्राज्ञिक तथा साहित्यिक केन्द्रका रूपमा विकास गर्ने उद्देश्यले अघि बढाइएको राष्ट्रिय गौरवको आयोजना 'भानु साहित्य उद्यान'को पूर्वाधार निर्माणकार्य अगाडि बढेको छ ।

सरकारको प्राथमिकतामा रहेको यस बहुप्रतिक्षित आयोजनाअन्तर्गत भानु नगरपालिका-४ रम्घा डाँडाको करिब ५०० रोपनी क्षेत्रफलमा उद्यान निर्माण थालिएको छ । पहिलो चरणमा विनियोजित बजेटबाट निर्माण प्रक्रिया अघि बढाइएको छ । उद्यानभित्र अत्याधुनिक 'भानु भवन', आदिकविको पूर्णकदको सालिक, सप्तधाम, साहित्य ग्राम, प्रज्ञा भवन तथा प्रविधिमैत्री टिकट काउन्टरलगायत बहुआयामिक पूर्वाधार निर्माण गरिने गुरुयोजनाअनुसार निर्माणकार्य भइरहेको छ ।

निर्माणकार्यलाई व्यवस्थित, वातावरणमैत्री र द्रुत रूपमा अघि बढाउन सहरी विकास तथा भवन निर्माण विभागले प्रारम्भिक वातावरणीय अध्ययन (आइईई) प्रतिवेदन तयार गर्ने काम अन्तिम चरणमा पुर्‍याएको भानु नगरपालिकाका प्रमुख आनन्दराज त्रिपाठीले जानकारी दिनुभयो । "यो उद्यान भौतिक संरचनामा मात्र सीमित नरही विश्वभरका नेपाली भाषा-साहित्यका अनुसन्धानकर्ता र अनुरागीका लागि सांस्कृतिक तथा प्राज्ञिक केन्द्र बन्नेछ", उहाँले भन्नुभयो, "आदिकविको जन्मभूमिलाई विश्वमाझ चिनाउने यो हाम्रो गौरवको परियोजना हो ।

यसले नेपाली भाषा र साहित्यलाई विश्वव्यापी रूपमा जोड्ने साझा प्राज्ञिक केन्द्रको रूप रहनेछ । त्यसका लागि नगरपालिकाले आवश्यक समन्वय र नेतृत्वदायी भूमिका निर्वाह गरिरहेको छ ।" भानु नगरपालिकाका उपप्रमुख उमा गोतामेले आगामी आर्थिक वर्षका लागि सङ्घीय सरकारले रु २४ करोड बजेट विनियोजन गरेको जानकारी दिनुभयो । "सहरी विकास तथा भवन निर्माण विभागमार्फत राष्ट्रिय गौरवको यस आयोजनाका लागि आगामी आवमा रु २४ करोड विनियोजन गरिएको छ", उहाँले भन्नुभयो, "यस बजेटबाट बहुवर्षीय योजनाअनुसार पूर्वाधार निर्माण अघि बढाइनेछ ।" गुरुयोजनाअनुसार उद्यानभित्र सातै प्रदेशका प्रमुख धार्मिक तथा सांस्कृतिक सम्पदाका नमूना र नेपाली साहित्यका मुर्धन्य स्रष्टाका सालिकसमेत स्थापना गरिनेछ । आयोजना सम्पन्न भएपछि तनहुँको चुँदी रम्घा विश्वभरका नेपाली साहित्यप्रेमी र अनुसन्धानकर्ताको प्रमुख गन्तव्य बन्ने अपेक्षा गरिएको छ ।

भानु साहित्य उद्यान निर्माणको अवधारणा राष्ट्रपति रामचन्द्र पौडेलको विशेष पहल र परिकल्पनाअनुसार अघि बढाइएको हो । उहाँकै पहलमा राष्ट्रिय गौरवको आयोजनाका रूपमा समावेश गरिएको यस उद्यानको गत वैशाख १४ गते राष्ट्रपति पौडेलबाट शिलान्यास गरिएको थियो ।

# ढोरपाटन-तकसेरा सिधा सडक सञ्चालनमा

पोखरापत्र संवाददाता
बागलुङ, २८ असार

बागलुङको ढोरपाटन र पूर्वी रुकुमको तकसेरा सिधा सडक सञ्जालमार्फत जोडिएपछि दुई जिल्लाबीचको आवतजावत सहज भएको छ ।

गत फागुन १६ गते बागलुङको निसेलढोर हुँदै रुकुम पूर्वको पुथा उत्तरगङ्गा गाउँपालिकाको मनिमर्फेस क्षेत्रमा सडकको 'ट्र्याक' जोडिएसँगै ढोरपाटन-तकसेरा सडक सञ्चालनमा आएको हो । नेपालको एक मात्र सिकार आरक्ष रहेको ढोरपाटन क्षेत्रमा लामो समयदेखि रोकिएको सडक निर्माण कार्य ढोरपाटन सिकार आरक्ष कार्यालयबाट अनुमति प्राप्त भएपछि सम्पन्न भएको हो । सडक सञ्चालनमा आएपछि बागलुङको निसीखोला गाउँपालिका, ढोरपाटन नगरपालिका तथा रुकुम पूर्वको पुथा उत्तरगङ्गा गाउँपालिकाका स्थानीयलाई आवतजावत र दैनिक उपभोग्य सामग्री ढुवानीमा सहज भएको छ । ढोरपाटनका स्थानीय खुमबहादुर विश्वकर्माले सडक सञ्चालनसँगै वर्षौँदेखिको यात्राको कठिनाइ अन्त्य भएको बताउनुभयो । उहाँका अनुसार यसअघि ढोरपाटनबाट तकसेरा पुग्न दिनभर पैदल हिँड्नुपर्थ्यो भने अहिले सवारीसाधनमार्फत छोटो समयमै यात्रा गर्न सकिने भएको छ । उहाँले भन्नुभयो, "पुथा उत्तरगङ्गा र ढोरपाटनवासीबीच रोटीबेटीको सम्बन्ध छ । यो सडकले दुई जिल्लाका स्थानीयबीचको सम्बन्धलाई अझ बलियो बनाएको छ । व्यापारदेखि दैनिक आवतजावतसम्म सबै क्षेत्रमा सहजता आएको छ ।"

सडक सञ्चालनसँगै पश्चिम बागलुङ र पूर्वी रुकुमबीचको यात्रा दूरीसमेत छोटिएको छ । यसअघि बुर्तिवाङ बजारदेखि निसेलढोरसम्म सडक पुगे पनि त्यसभन्दा माथिको खण्ड निर्माण हुन नसक्दा सिधा सडक सम्पर्क स्थापित हुन सकेको थिएन । बुर्तिवाङदेखि ढोरपाटनसम्म ३१ किलोमिटर र ढोरपाटनदेखि तकसेरासम्म ३७ किलोमिटर दूरी रहेको छ । पुथा उत्तरगङ्गा गाउँपालिका-१ का थमबहादुर पुनका अनुसार यसअघि तकसेराका बासिन्दाले मध्यपहाडी लोकमार्ग हुँदै रुकुमको काँक्री भएर लामो दूरी पार गर्नुपर्ने बाध्यता थियो । अहिले ढोरपाटन-तकसेरा सडक सञ्चालनमा आएपछि तकसेरासहित आसपासका गाउँ सिधैँ बुर्तिवाङ बजारसँग जोडिएका छन् । ढोरपाटनदेखि सडकको 'ट्र्याक' खोल्न चालु आर्थिक वर्षमा ढोरपाटन नगरपालिकाले रु १२ लाख ५० हजार विनियोजन गरेको थियो । सोही बजेटबाट सडक निर्माण सम्पन्न भएको नगरपालिकाले जनाएको छ । सडक सञ्चालनसँगै तकसेराका स्थानीयलाई बागलुङ हुँदै पोखरा र काठमाडौँ पुग्न दूरी छोटिएको छ भने स्थानीय कृषि तथा पशुजन्य उत्पादनको बजारीकरणमा टेवा पुग्ने अपेक्षा गरिएको छ ।

# गण्डकी आदर्शमा कक्षा ११ का विद्यार्थीलाई स्वागत तथा अभिमुखीकरण

पोखरापत्र संवाददाता
पोखरा, २८ असार




पोखरा-१३, लामोडहरमा सञ्चालित गण्डकी आदर्श एकेडेमीले नयाँ शैक्षिक सत्रमा कक्षा ११ मा भर्ना भएका विद्यार्थीहरूलाई स्वागत तथा अभिमुखीकरण कार्यक्रम आइतवार सम्पन्न गरेको छ ।

विद्यालयका अध्यक्ष खड्गबहादुर गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा विद्यालयका प्रबन्ध निर्देशक कृष्णप्रसाद सापकोटाले विद्यार्थी र अभिभावक अभिमुखीकरण गराएका थिए । गण्डकी आदर्शले विद्यार्थीको सुविधा र हितका लागि अथक प्रयास गरेको जानकारी दिँदै सापकोटाले शिक्षक, विद्यार्थी र अभिभावकको सकारात्मक साथले विद्यालयको प्रगति हुँदै गएको बताए । उनले विद्यार्थीलाई अभिभावकप्रति उत्तरदायी हुन र अभिभावकलाई विद्यार्थीप्रति जिम्मेवार हुन आग्रह गरे । होटेल म्यानेजमेन्ट र कम्प्युटर विषय समूहको पढाइ सञ्चालन हुँदै आएको गण्डकी आदर्शमा भएका प्रयोगशालालगायतका सुविधा पर्याप्त रहेको सापकोटाको भनाइ छ । आधुनिक प्रविधि र समयलाई सम्बोधन गर्ने गरी पठनपाठन सञ्चालनमा जोड दिइएको जनाउँदै सापकोटाले पढाइका अलावा विद्यार्थीमा अन्तर्निहित प्रतिभा प्रस्फुटनका लागि पनि विद्यालयले विशेष कार्यक्रमहरू सञ्चालन गरिरहेको भनाइ राखे ।

विद्यालयकी प्रिन्सिपल मञ्जू सापकोटाले विद्यालयले एसइई र एसएलसीमा शतप्रतिशत नतिजा हासिल गर्नुका अलावा जीवनोपयोगी सिप र नेतृत्व क्षमता विकासमा ध्यान दिएको बताइन् । विद्यालय र अभिभावकबिचको सहकार्यले मात्र विद्यार्थीको सफलता सम्भव हुने बताउँदै सापकोटाले असल नागरिक बनाउने उद्देश्यसहित विद्यालयले आफ्ना गतिविधि सञ्चालन गर्दै आएको जानकारी दिइन् । कक्षा १२ का विद्यार्थीहरूद्वारा आयोजित कार्यक्रममा कक्षा ११-१२ की संयोजक वर्षा गुरुङ, शिक्षक अखिलेश्वर भण्डारी, कक्षा १२ की छात्रा स्वेच्छा विश्वकर्मा, कक्षा ११ की छात्रा दीपिका भुजेललगायतले बोलेका थिए । कक्षा १२ का साजन सुनार र विद्या गुरुङको सञ्चालनमा भएको कार्यक्रममा विद्यार्थीहरूले सांस्कृतिक तथा साङ्गीतिक प्रस्तुति राखेका थिए ।

हालै सार्वजनिक भएको कक्षा १२ को नतिजामा गण्डकी आदर्शबाट सहभागी पहिलो वर्षका सहभागी विद्यार्थीहरू शतप्रतिशत उत्तीर्ण भएका थिए । यो उत्कृष्ट नतिजालाई कायम राख्न वक्ताहरूले विद्यार्थीहरूलाई शुभकामना दिएका थिए । कक्षा ११ मा यस वर्ष ३५ जना विद्यार्थी भर्ना भएका विद्यालयले जानकारी दिएको छ ।

# पोखरा रात्रिकालीन सडक दौडको आयव्यय सार्वजनिक

पोखरापत्र संवाददाता
पोखरा, २८ असार

"जाग्छ पोखरा, दौडाउँछ पोखरा" भन्ने मूल नारासहित पहिलोपटक आयोजना गरिएको पोखरा रात्रिकालीन सडक दौड प्रतियोगिता २०८२/८३ को आयव्यय सार्वजनिक गरिएको छ । पोखरा क्लिक र पोखरा प्रवर्द्धन केन्द्रद्वारा आयोजित तथा पोखरा महानगरपालिका-९ को विशेष सहकार्यमा गत चैत २८ गते सम्पन्न प्रतियोगिताबाट कुल ३ लाख ३२ हजार २ सय ५० रुपैयाँ आम्दानी भएको छ भने प्रतियोगिता सञ्चालनका लागि ३ लाख ९० हजार १ सय रुपैयाँ खर्च भएको आयोजकले जनाएको छ ।

यससँगै प्रतियोगितामा ५७ हजार ८ सय ५० रुपैयाँ घाटा भएको प्रतियोगिताका संयोजक दीननाथ बरालले जानकारी दिए । आइतबार प्रेस विज्ञप्तिमार्फत आयव्यय सार्वजनिक गर्दै संयोजक बरालले केही संघसंस्था तथा सहयोगी निकायले प्रतिबद्धता जनाएको रकम समयमै प्राप्त हुन नसक्दा पहिलो संस्करणमै संस्थाले घाटा व्यहोर्नुपरेको बताए । उनका अनुसार आगामी दिनमा बाँकी



सहयोग रकम प्राप्त भएपछि घाटा केही हदसम्म न्यूनीकरण हुने अपेक्षा गरिएको छ ।

प्रतियोगिताका लागि पोखरा महानगरपालिका वडा नं. ९ को कार्यालयबाट ४२ हजार ५ सय रुपैयाँ, पोखरा भ्रमण वर्ष (पोखरा महानगरपालिकाको आर्थिक विकास महाशाखा) बाट ३५ हजार रुपैयाँ, खेलाडी दर्ता शुल्कबाट ६० हजार रुपैयाँ तथा विभिन्न संघसंस्था र सहयोगी निकायबाट आर्थिक सहयोग प्राप्त भएको आयोजकले जनाएको छ । त्यसैगरी खर्चतर्फ नगद पुरस्कारमा ५१ हजार रुपैयाँ, प्रचारप्रसार तथा पत्रकार सम्मेलनमा ५५ हजार रुपैयाँ, खाजा तथा खानामा ८१ हजार १ सय रुपैयाँ, प्रवर्द्धनात्मक टी-सर्ट खरिदमा ८४ हजार रुपैयाँ, स्वयंसेवक परिचालनमा ४० हजार रुपैयाँ लगायतका शीर्षकमा रकम खर्च गरिएको उल्लेख गरिएको छ ।

संयोजक बरालले छोटो तयारीका बीच प्रतियोगिता आयोजना गर्दा केही आर्थिक भार व्यहोर्नुपरे पनि पहिलो संस्करणबाटै प्रतियोगिताले पोखराको नयाँ खेलकुद इभेन्टका रूपमा सकारात्मक पहिचान बनाउन सफल भएको दाबी गरे । उनले आगामी वर्षहरूमा यस प्रतियोगितालाई अझ व्यवस्थित, भव्य र दिगो रूपमा निरन्तरता दिइने बताए । रातिको समयमा पनि खेलकुद गतिविधि सञ्चालन गर्न सकिन्छ भन्ने सन्देश प्रवाह गर्नुका साथै खेल पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको थियो । प्रतियोगितामा नेपालसहित पाँच देशका १४५ जना धावक सहभागी भएका थिए । पोखरा महानगरपालिका वडा नं. ९ को समन्वय तथा प्रदेश खेलकुद परिषद् गण्डकीको सहकार्यमा सम्पन्न प्रतियोगितामा मेडिप्लस हस्पिटल एन्ड ट्रमा सेन्टर अस्पताल पार्टनर तथा नेलम्बो नेपाल मेडिकल पार्टनरका रूपमा सहभागी थिए । यसैगरी पोखरा महानगरपालिका र पोखरा भ्रमण वर्ष २०२५/०२६ प्रवर्द्धकका रूपमा रहेका थिए भने फिस्टेल ड्रिम पार्क, शान्ति निकेतन बोर्डिङ स्कुल, हिमश्री फुड्स प्रा.लि.लगायतकाको सहयोग रहेको केन्द्रका सचिव सागर सुनारले बताए । प्रतियोगितामा खुलातर्फ दार्चुलाका २९ बर्षीय मुकेश थापा प्रथम भएका थिए भने महिलातर्फ पुष्पा शर्मा लिम्बु प्रथम भइन् । यू-१६ तर्फ राम ढुंगाना र विदेशी तर्फ फ्रान्सका स्याम्यूल प्रथम भएका थिए । फेवाताल किनार बाराहीघाटदेखि पोखराको मुख्य बजार क्षेत्र महेन्द्रपुलसम्मको ५ किलोमिटरको उक्त दौडमा नेपालसहित, नर्वे, फ्रान्स, थाइल्याण्ड र इङल्याण्डका धावक सहभागी थिए ।

# गोरखामा एकतिहाइ मात्र मल आपूर्ति

पोखरापत्र संवाददाता
गोरखा, २८ असार

गोरखामा धान रोपाइँको मुख्य समयमा आवश्यक रासायनिक मलको एकतिहाइ मात्र आपूर्ति भएको छ । जिल्लामा आवश्यक तीन हजार ५०० मेट्रिकटन मलमध्ये हालसम्म एक हजार १०० मेट्रिकटन मात्र प्राप्त भएको कृषि विकास कार्यालय गोरखाले जनाएको छ ।

कार्यालय प्रमुख कुलप्रसाद तिवारीका अनुसार प्राप्त मल कोटा निर्धारण गरी स्थानीय तहलाई उपलब्ध गराइएको छ । स्थानीय तहले समूह र सहकारीमार्फत किसानलाई मल वितरण गरिरहेका छन् । "हामीले मल ल्याएर कोटा छुट्याइ पालिकालाई उपलब्ध गराउँछौँ, पालिकाले समूह र सहकारीमार्फत किसानलाई वितरण गर्नुहुन्छ", उहाँले भन्नुभयो, "तर केही स्थानमा सहकारीका सदस्यलाई मात्र मल वितरण गरिएको र अन्य किसानले मल नपाएको गुनासो पनि आएको छ ।" रोपाइँ, गोडमेल र बाला लाग्ने समयमा मलको आवश्यकता बढी हुने भएकाले आपूर्ति बढाउन सम्बन्धित निकायसँग निरन्तर समन्वय भइरहेको उहाँले बताउनुभयो ।

गोरखा नगरपालिका-१० छेपेटारका कृषक विष्णु पाठकले पर्याप्त मल नपाउँदा खेती गर्न समस्या भएको गुनासो गर्नुभयो । उहाँले तीन घण्टा लाइनमा बसेपछि पाँच किलो मात्र मल पाएको बताउनुभयो । महादेवटारी सहकारी संस्थाकी अध्यक्ष शेल्चा तामाङका अनुसार छेपेटार टोलका करिब १५० कृषक परिवारलाई दामासाहीका आधारमा पाँच-पाँच किलो मल वितरण गरिएको हो । "१०० बोरा मल आएको भए सहज हुन्थ्यो, तर जम्मा १५ बोरा मात्र प्राप्त भयो", उहाँले भन्नुभयो, "जति आएको थियो, सबैलाई पाँच-पाँच किलोका दरले बाँडेका छौँ ।" पालुङ्टार नगरपालिका-१० मा धान रोपाइँ सुरु भएको करिब दुई सातासम्म पनि धेरै किसानले मल पाउन सकेका छैनन् । मागको तुलनामा आपूर्ति अत्यन्त न्यून भएकाले सबै किसानलाई वितरण गर्न नसकिएको वडा अध्यक्ष रिखीराज धौरालीले बताउनुभयो ।

"हाम्रो वडामा चारदेखि ५०० किसान छन्, तर जम्मा ३२ बोरा मल आएको छ," उहाँले भन्नुभयो, "दुई वटा सहकारीलाई १६-१६ बोरा उपलब्ध गराएका छौँ । उनीहरूले वितरण गरिरहेका छन् ।" यसवर्ष चैतमा लगाइएको धान मरुवा रोगका कारण नष्ट भएको र अहिले मल अभावले किसान थप समस्यामा परेको उहाँको भनाइ छ ।